# प्रदेश राजपत्र

प्रदेश नं. ३ प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) हेटौंडा, मकवानपुर, कार्तिक २९ गते, २०७६ साल (अतिरिक्ताङ्क २७(क)


## भाग ३

प्रदेश सरकार

प्रदेश नं. ३, हेटौंडा

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको

## सूचना

प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०७६।०७।२९ को निर्णयानुसार प्रदेश सभाका पदाधिकारीहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सभाका पदाधिकारीहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को देहायका अनुसूची-१ र अनुसूची-२ को द्रष्टव्य-१ मा देहाय बमोजिम

हेरफेर गरी प्रदेश सभाका पदाधिकारी र सदस्य तथा स्वकीय सचिवालयका कर्मचारीको पारिश्रमिक र सुविधा संवत २०७६ साउन १ गते देखि लागू हुने गरी वृद्धि गर्न स्वीकृति दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

**(१) अनुसूची-१ को क्रमसंख्या १ को पारिश्रमिकमा देहाय बमोजिम हुने गरी हेरफेर गरिएको :-**

| क्र.सं. | पदाधिकारी | कायम हुने मासिक पारिश्रमिक |
|---|---|---|
| १. | सभामुख | रु.६१,४८०।- |
| २. | विपक्षी दलको नेता/उपसभामुख | रु.५८,०००।- |
| ३. | सत्तापक्षको मुख्य सचेतक/समितिका सभापति/विपक्षी दलको प्रमुख सचेतक | रु.५६,८४०।- |
| ४. | दलका प्रमुख सचेतक/सत्तापक्षको सचेतक/विपक्षी दलको प्रमुख सचेतक | रु.५४,५२०।- |
| ५. | सदस्य | रु.५२,२००।- |

**(२) अनुसूची-२ को द्रष्टव्य-१. मा देहाय बमोजिम हुने गरी हेरफेर गरिएको :-**

"१. स्वकीय सचिवालयका कर्मचारीहरुले समान तहका निजामती कर्मचारीले पाए सरह शुरु तलब स्केल, महंगी भत्ता, चाडपर्व खर्च र पोशाक भत्ता प्रदेश सरकार मन्त्रिपरिषद्ले मुख्यमन्त्री तथा मन्त्रीको स्वकीय सचिवालयको कर्मचारीलाई दिएको सुविधा सरह दिने।"

**मन्त्रिपरिषद्बाट स्वीकृत मितिः २०७६।०७।२९**

**आज्ञाले,**
**विनोद प्रकाश सिंह**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ३, हेटौंडामा मुद्रित।
मूल्य रु.५।-